# गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**शिलबन्दी दरभाउपत्र आव्हानको १५ दिने सूचना ।**
(प्रथम पटक प्रकाशित मिति २०७७/०२/२३)

गोदावरी नगरपालिका, नगर कार्यपालिकाको स्वीकृत कार्यक्रम अनुसार नेपाल सरकारबाट ईजाजत प्राप्त निर्माण व्यबसायीहरुबाट यो सूचनाको अधिनमा रही तपसिलका सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिएको छ ।

**शिलबन्दी दरभाउपत्रका शर्तहरु :**

१) दरभाउपत्र फारम रु १०००।– (एक हजार) फिर्ता नहुने गरि तिरी यो सुचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको पूर्वाधार विकास तथा वातावरणीय व्यवस्थापन शाखाबाट खरिद गुर्नपर्ने छ । दरभाउपत्र फारम खरिद गर्दा निवेदन साथ नविकरण भएको फर्मको ईजाजत पत्र, आन्तरिक राजश्व कार्यालयमा मु.अ कर दर्ता भएको प्रमाण पत्र, आ.व.०७५/०७६ को कर चुक्ता प्रमाण पत्र प्रमाणित प्रतिलिपी संलग्न राख्नु पर्नेछ ।

२) यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र दरभाउपत्र खरिद गर्ने र १६ औं दिनको १२ बजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु सोही दिन ठिक २ बजे यसै कार्यालयमा शिलबन्दी दरभाउपत्र दाताहरु वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो समयमा दरभाउपत्र दाताहरु वा निजहरुको प्रतिनिधिहरुको उपस्थिति नभएपनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन सोही समयमा ति कामहरु सम्पन्न हुनेछन ।

३) दरभाउपत्र साथ तपसील बमोजिमको धरौटी रकम गोदावरी नगरपालिका कार्यालयको नाममा रहेको NIC ASIA बैक अत्तरियामा रहेको धरौटी खाता चल्ती हिसाव नं. ७१४१४९८६२२५२४००१ ग ३ धरौटी खातामा नगद जम्मा गरी सोको सक्कल भौचर वा मान्यता प्राप्त बैंकको ७५ दिन म्याद रहेको सक्कलै विड वण्ड संलग्न गर्नुपर्ने छ । दरभाउपत्र मान्य अवधि ४५ दिनको हुनेछ ।

४) कार्यस्थल निम्न बमोजिम हुनेछ ।

५) शिलबन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भागलिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धीत पेसा वा व्यवसाय सम्बन्धीत कसुरमा आफुले सजाय नभएको भनी लिखितरुपमा गरेको घोषणा दरभाउपत्र साथ पेस गर्नु पर्ने छ ।

६) दरभाउपत्र पेस गर्दा सिलबन्दी खाम बाहिर कार्यालयको नाम, कार्यालयको विवरण र दरभाउपत्रदाता फर्मको नाम, ठेगाना र छाप लागेको हुनु पर्नेछ ।

७) प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने घटी वा बढी अंकवालालाई दिने वा नदिने सो सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

८) दरभाउपत्र शर्त रहित, केरमेट नभएको, कार्यालले उपलब्ध गराएको डकुमेन्टमा नै भरिएको, कुनै थप घट वा द्रष्टव्य नलेखेको हुनु पर्ने छ । समयमा प्राप्त नभएको रित नपुगेको सुचनाको शर्त विपरित भएको दरभाउपत्र माथि कारवाही हुने छैन ।

९) दरभाउपत्र भर्दा दर रेट केरमेट नगरी प्रष्ट रुपमा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा दररेट भरेको फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१०) दरभाउपत्र सम्बन्धी कुनै कुरा बुझ्नुपरेमा कार्यालय समय भित्र यस कार्यालयको पुर्वाधार विकास तथा वातावरणीय व्यवस्थापन शाखामा सम्पर्क राखि बुझ्न सकिनेछ ।

११) नियमानुसार लाग्ने कर दस्तुर आदि सम्पुर्ण दरभाउपत्रदाता फर्मले स्वंयम बेहोर्नुपर्नेछ ।

१२) दरभाउपत्रमा दररेट उल्लेख गर्दा भ्याट बाहेकको मूल्य उल्लेख गर्नुपर्नेछ ।

१३) यस सुचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराका हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा नेपाल सरकारको प्रचलित कानुन अनुसार हुनेछ ।

**तपसिल**

| क्र.सं. | ठेक्का संकेत नं. | कार्यको विवरण, कार्यस्थल | लागत अनुमान रु (भ्याट बाहेक) | दरभाउपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | Works/SQ/12/2076/2077 | भरतपुर टोल रामजानकी मन्दिरको पूर्वपट्टीको महादेव भट्टको घरजाने बाटो कालोपत्रे, गो.न.पा.-१ | १७,१४,९५९।३३ | ५४,०००।- | |
| २ | Works/SQ/13/2076/2077 | बुद्ध मन्दिरदेखि दुर्गा लक्ष्मी बहुमूखी क्याम्पस हुँदै देखि बास्कोटा जाने सडक कालोपत्रे, गो.न.पा.-२ | १०,३४,३३९।०० | ३३,०००।- | |
| ३ | Works/SQ/14/2076/2077 | गेटा सुदूरफुडदेखि पूर्व गेटा जाने बाटो कालोपत्रे, गो.न.पा.-५ | १२,९५,०८७।९० | ४१,०००।- | |
| ४ | Works/SQ/15/2076/2077 | झेली रानाको घरदेखि क्षयरोग व्यवस्थापन केन्द्र हुँदै जाने बाटो कालोपत्रे, गो.न.पा.-६ | १३,८२,०७०।१५ | ४३,०००।- | |
| ५ | Works/SQ/16/2076/2077 | गौडी पिपल चौतारादेखि चन्द्र साउदको घर हुँदै चण्डेश्वरी आ.वि. जाने बाटो कालोपत्रे, गो.न.पा.-७ | १०,३०,५०४।५३ | ३३,०००।- | |
| ६ | Works/SQ/17/2076/2077 | स्याउलेदेखि गो.न.पा. ले बनाएको कालोपत्रे सडक देखि ९ नं. वडा कार्यालय हुँदै जाने बाटो कालोपत्रे, गो.न.पा.-९ | १७,२१,२२९।०४ | ५४,०००।- | |

खेम राज बिष्ट
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत